महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्यौंट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

# संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या :२०७५/०७६
च.नं. : मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
टीकापुर नगरपालिका,
कैलाली ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट टीकापुर नगरपालिका आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.७ करोड ८१ लाख १० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख १४ हजार, नियमित गर्नुपर्ने रु.८४ लाख ३९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५५ लाख १७ हजार र पेश्की रु.६ करोड ३६ लाख ४० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।२६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १२ (बाह्र) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# टीकापुर नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अन्तर्गत ९ वडा रहेका, ४९ सभा सदस्य, १२२।३३ व.कि.मी. क्षेत्रफल, र ७६,०८४ जनसंख्या रहेको छ । यो नगरपालिका सुदूर पश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत समावेश भएको आर्थिक वर्ष २०७४।०७५ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | **गत वर्षको जिम्मेवारी** | | ३४६१०७६०।०० | १ | **बित्तिय समानिकरण** | | २७६८६८७४८।० |
| | (क) नगद | | | | (क)चालु खर्च | ६४८५८२२६।०० | |
| | **बैंक :** | | | | (ख) पूँजीगत खर्च | २१२०१०५२२।० | |
| | (क) स्थानिय संचित कोष | २२१९६२०२।०० | | २ | सर्सत अनुदान चालु | | १४७१७३१२२।० |
| | (ख) कर्मचारी कल्याण कोष | ५६१६३७९।०० | | ३ | सर्सत अनुदान पूँजीगत | | ३६८०००।०० |
| | (ग) धरौटी खाता | ६७९८१७९।०० | | ४ | सामाजिक सुरक्षा | | १०६९८०५९०।० |
| | (घ) मर्मत सम्भार कोष र साझेदारी | | | ५ | विषयगत निकाय तर्फको चालु | | ३८५००००।०० |
| २ | गत आ.व. का अन्य खाताहरु बन्द गरी प्राप्त | | ३०६४३८।० | ६ | विषयगत निकायको पुँजिगत | | १२७३६०२२।०० |
| ३ | **राजस्व (आन्तरिक आय)** | | | ७ | कर्मचारी कल्याण कोष | | ४४३७०४।०० |
| | (क) आन्तरिक आम्दानी | | ३३०४५७१२।० | ८ | धरौटी | | ४७५९२५८।०० |
| | (ख) अन्य आय | | | ९ | आन्तरिक स्रोत बाट खर्च | | ५४१७००२१।०० |
| ४ | **वित्तीय हस्तान्तरण** | | | १० | अर्थ बजेट खर्च | | २१२५२१३।०० |
| | (क) वित्तीय समानीकरण अनुदान | | ३१३८८३०००।० | | | | |
| | (ख) सशर्त अनुदान | | १४७५४११२२।० | ११ | **अन्तिम मौज्दात** | | **६५८८३६७६।००** |
| | (ग) समपूरक अनुदान | | | | (१)संचित कोष खाता | १०८३७९५५।०० | |
| ५ | **सामाजिक सुरक्षा** | | १०७७८६०००।० | | (२)पूँजिगत खाता | २५५३०७१०।०० | |
| ६ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | (३) चालु खाता | १४७२३४०९।०० | |
| | (क) वित्तीय समानीकरण अनुदान | | | | (४) धरौटि खाता | ५७२३१००।०० | |
| | (ख) सशर्त अनुदान | | | | (५) कर्मचारी कल्याण कोष | ९०६८५०२।०० | |
| | (ग) समपूरक अनुदान | | | | | | |
| | (घ) विशेष अनुदान | | | | | | |
| ७ | विषयगत निकायबाट प्राप्त चालु | | ६३३५२१३।०० | | | | |
| ८ | विषयगत निकायबाट पुँजिगत | | १२७३६०२२।०० | | | | |
| ९ | कर्मचारी कल्याण कोष | | ३८८२७२१।०० | | | | |
| १० | धरौटी | | ३६८४१७८।०० | | | | |
| ११ | उपभोक्तालागत सहभागिता वापत प्राप्त | | ११५४७१८८।०० | | | | |
| | **जम्मा** | | ६७५३५८३५४। | | **जम्मा** | | ६७५३५८३५४। |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१.</td><td>बैंक हिसाब :– कार्यालयको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान गर्न प्रत्येक महिना श्रेस्ता र बैंकले देखाएको फरक बिच म.ले.प.फा.नं.१५ तयार गरी हिसाब मिलान गर्नुपर्दछ । कार्यालयले प्रत्येक महिना उक्त विवरण तयार गरी श्रेस्ता र बैंकले देखाएको मौज्दात यकिन गरीएको देखिएन । कार्यालयले गत बर्षको स्थानिय संचित कोषको रु २२१९६२०२।०० र कर्मचारी कल्याणकोष खातामा रु. ५६१६३७९।०० , धरौटी तर्फ रु. ६७९८१७९।०० गरि ३४६१०७६०।०० जिम्मेवारीमा सारेको छ । २०७५ असार मसान्त सम्म कार्यालयको श्रेस्ता अनुसार स्थानीय सञ्चित कोषमा रु. १०८३७९५५।०० चालु खर्च खातामा रु. १४७२३४०९।०० पुँजिगत खर्च खातामा रु .२५५३०७१०।००, कर्मचारी कल्याण कोषमा ९०६८५०२।०० र धरौटी खातामा रु.५७२३१००।०० गरी जम्मा रु. ६५८८३६७६।०० अन्तिम मौज्दात रहेको छ । निम्न खाताहरुमा श्रेस्ताले देखाएको अन्तिम मौज्दात र बैंकले देखाएको अन्तिम मौज्दात फरक परेको हुँदा फरक पर्नुको कारण पुष्टि हुने विवरण म.ले.प.फा.नं.१५ मासिक रुपमा तयार गरी बैंक हिसाब दुरुस्त राख्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं</th><th>खाता नं.</th><th>श्रेस्ताअनुसार बाँकी</th><th>बैंक अनुसार बाँकी</th><th>फरक रकम</th></tr>
<tr><td>१</td><td>स्थानिय संचितकोष खाता</td><td>१०८३७९५५।००</td><td>२९८१५८३।५९</td><td>७८५६३७१।४३</td></tr>
<tr><td>२</td><td>चालु खर्च खाता</td><td>१४७२३४०९।००</td><td>२६१६२४२४।८३</td><td>(–)११४३९०१५.८३</td></tr>
<tr><td>३</td><td>पुँजिगत खाता</td><td>२५५३०७१०।००</td><td>४७५९०३४४।१८</td><td>(–) २२०५९६३४.१८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधि :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्नेमा यस्तो अख्तियारी दिएको देखिएन । अख्तियारी प्राप्त नगरी खर्च गर्नु हुदैन ।</td><td></td></tr>
<tr><td>३.</td><td>आन्तरिक नियन्त्रण प्रणाली :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानुन वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । ऐनमा व्यवस्था भए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:<br>(१) मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिएको ।<br>(२) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले गरेको खर्च समितिबाट अनुमोदन, सार्वजनिक रुपमा प्रकाशन र कार्य सम्पन्न भएपछि हस्तान्तरण गर्नुपर्ने व्यबस्था छ । कार्यालयले योजनाहरुको भुक्तानी गर्दा उपभोक्ता समितिले उपरोक्त अनुसारको प्रावधान पूरा गरेको प्रमाण संलग्न गरी नियमको पालना गराउनेतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।<br>(३) कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको देखिएन ।<br>(४) काज स्वीकृत गराई वा फिल्ड निरिक्षण तथा अन्य कार्यको लागि भ्रमणमा जाँदा भ्रमण पुरा गरी फर्केपछि भए गरेका कार्यको यथार्थ स्थितिको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेमा सो प्रतिवेदन दिने गरेको पाइएन ।<br>(५) निर्माण सम्पन्न भई त्रुटि सच्याउने अवधि बाँकी भएका योजनाहरुको व्यवस्थित अभिलेख राखेको देखिएन ।<br>(६) कार्यालयले निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कार्य विवरण</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | तयार गरी लागू गरेको छैन ।<br>(७) जिन्सी निरिक्षण प्रतिवेदन अनुसार लिलाम मर्मत कार्य नभएको ।<br>(८) कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन ।<br>(९) उपभोक्ता समितिसँग सम्झौता गरी योजना कार्यान्वयनको क्रममा भए गरेको सम्पूर्ण सूचना तथा तथ्यांकहरु योजना खातामा अद्यावधिक गरी भर्नुपर्नेमा आंशिक रुपमा भरेको छ ।<br>(१०) नापी किताब, निर्माण कार्यको रनिङ्ग बिल र कार्यसम्पन्न प्रतिवेदनमा निर्माण कार्यको विवरण, निर्माण कार्य सुरु भएको मिति , निर्माण सम्पन्न भएको मिति उल्लेख गर्नुपर्नेमा भर्ने गरेको छैन ।<br>(११) खारेज भएका कार्यालयहरु (पशु सेवा शाखा र टीकापुर आर्युवेद औषधालय) बाट जिन्सी सामानहरु हस्तान्तरण नभएको ।<br>(१२) निर्माण कार्यको रनिङ बिल तथा अन्तिम बिल भुक्तानी गर्दा पहिलो रनिङ बिलबाट भुक्तानी गरेको परिमाण र रकम बमोजिम अन्तिम बिलमा चढाई हाल र अघिल्लो बिलबाट भएको परिमाण र रकम अद्यावधिक गरी बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयबाट कतिपय योजनाहरुको बिल भुक्तानी गर्दा परिमाण र रकम फरक पारी बिल उठाउने गरेको छ । अन्तिम बिल भुक्तानी गर्दा अघिल्लो बिलको परिमाण र रकम दुरुस्त हुने गरी रनिङ बिल तयार गर्नुपर्दछ ।<br>(१३) खरिद योजना तयार गरेको छैन । | |
| ४. | **कर्मचारी व्यवस्था :–** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको विभिन्न पदमा १६७ दरबन्दी रहेकोमा ११२ पदपूर्ति भई ५५ पद रिक्त रहेको छ । स्वीकृत दरवन्दी बमोजिमको पदहरु पूर्ति नगर्दा कार्यालयबाट संचालन हुने सेवा प्रवाहमा असर पर्ने हुँदा दरवन्दी अनुसारको पदपूर्ति गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| ५. | **स्थानीय तथ्याङ्क र अभिलेख :–** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ६. | **लक्ष्य प्रगतिको स्थिति :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय प्रशासकीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची -२ बमोजिमको ढाँचामा प्रगति विवरण बनाएको देखिएन । लक्ष्य प्रगति विवरण तयार नगर्दा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको भौतिक तथा वित्तीय अवस्थाको विश्लेषण गर्न नसकिने हुँदा तोकिएको ढाँचामा वार्षिक लक्ष्य प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| ७. | **तेश्रो चौमासिक तथा असार महिनाको खर्च :–** कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार आर्थिक वर्ष २०७४।७५ को पहिलो, दोश्रो तथा तेश्रो चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएकोमा कार्यालयले तेश्रो चौमासिकमा ८९.४८ प्रतिशत तथा असार महिनामा मात्र ६१.२४ प्रतिशत देखि शतप्रतिशतसम्म खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक खर्च गरी योजना तथा कार्यक्रम सञ्चालन गर्दा सञ्चालित कायंक्रमको प्रभावकारीतामा असर पर्ने स्थिति रहन्छ । अतः निर्धारित चौमासिकमा कार्यक्रम सञ्चालन गरिनु पर्दछ । यस वर्ष तेश्रो चौमासिक तथा आषाढ महिनामा भएको खर्चको स्थिति देहाय अनुसार छ : | |

| दफा नं. | लेखापरीक्षणका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

( रु. हजारमा)

| ब.उ.शि.नं. | कूल वार्षिक खर्च | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | | आषाढ महिना | |
|---|---|---|---|---|---|---|---|
| | | | | खर्च रकम | प्रतिशत | खर्च रकम | प्रतिशत |
| पूँजिगत कार्यक्रम तर्फ | २४४४६९ | ४८०५ | २०९०२ | २१८७६२ | ८९.४८ | १४९७१९ | ६१.२४ |

८. **राजस्व अभिलेखाङ्कन :–** आर्थिक कार्य्विधी नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा  दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । कार्यालयले यो वर्ष रु.३३०४५७१२।०० आन्तरिक आम्दानी गरेकोमा नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले ढिला गरी दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

९. **वित्तीय जवाफदेहिता पालना :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा कार्यालयको वित्तीय जवाफदेहिताको मूल्यांकन गर्दा ग्रेड "सि" प्राप्त गरेको छ । यसमा थप सुधार हुनुपर्दछ ।

१०. **पेश्की :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फर्छ्यौट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १० प्रतिशतका दरले ब्याज असुल गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार नगरपालिकाले निम्न संस्थालाई दिएको रु. ६,३६,४०,०००।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु... (बेरुजू रकम रु. ६३६४०,०००।-)

| पेश्की मिति | पेश्की लिनेको नाम | प्रयोजन | रकम रु. |
|---|---|---|---|
| **वित्तीय समानकरण(पूँजीगत) तर्फ :** | | | |
| ०७४/१२/०१ | योनसेड, काठमाडौं | परामर्श सेवा | १५००००।०० |
| ०७५/०३/१९ | नेपाल रेडक्रस सोसाइटी ,टीकापुर | आकस्मिक तथा भैपरि आउने | ८०००००।०० |
| | | **जम्मा** | ९५००००।०० |
| **सामाजिक सुरक्षा भत्ता  तर्फ :** | | | |
| ०७४/१२/०७ | नेपाल बैंक लिमिटेड, टीकापुर | सामाजिक सुरक्षा | ११६४५०००।०० |
| ०७४/१२/०७ | बैंक अफ काठमाडौं ,टीकापुर | सामाजिक सुरक्षा | १४४४७८००।०० |
| ०७५/०३/१७ | नेपाल बैंक लिमिटेड, टीकापुर | सामाजिक सुरक्षा | ११७०७६००।०० |
| ०७५/०३/१७ | बैंक अफ काठमाडौं ,टीकापुर | सामाजिक सुरक्षा | १४५२६०००।०० |
| ०७५/०३/१७ | सेन्चुरी कर्मसियल बैंक, सत्ती | सामाजिक सुरक्षा | १०३६३६००।०० |
| | | **जम्मा** | ६२६९००००।०० |
| | | **कुल जम्मा** | ६३६४००००।०० |

११. **बरबुझारथ :–** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>१२.</td><td>श्रोत नक्सांकन :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । नगरपालिकाले ऐन बमोजिमको प्रोफाईल तयार गरी राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>उपभोक्ता समिति :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१४.</td><td>वातावरणीय प्रभाव : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगर क्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । ढल निर्माणको एकीकृत बहु वर्षे योजना  र प्रगती पेश भएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । शीर्षक अनुसारको वजेटमा पर्याप्त ध्यान दिएको देखिएन ।</td><td></td></tr>
<tr><td>१५.</td><td>प्रतिस्पर्धा बेगर खरिद :– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने साथै नियम ८४ मा ५ लाख देखि २० लाख रुपैयाँसम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार निम्न कार्यहरु टुक्रा टुक्रा गरी सोझै खरीद गरेको छ । कार्यालयले खरीद कार्य गर्दा प्रतिस्पर्धा गराई खरीद गर्नु पर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>कामको प्रकृति</th><th>टुक्रा संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>१.</td><td>कम्प्युटर, प्रिन्टर लगायतका मेसिनरी उपकरणहरुको खरीद</td><td>५</td><td>१५७६१३४.९८</td></tr>
<tr><td>२.</td><td>न्यानो झोला खरीद</td><td>२</td><td>६५६७३७.९२</td></tr>
<tr><td>३.</td><td>औषधि खरिद (टीकापुर अस्पताल समेत)</td><td>१०</td><td>९५७६८७३०</td></tr>
<tr><td>४.</td><td>फर्निचर तथा फिक्चर्सका सामान खरीद</td><td>१०</td><td>१६१९३२३.००</td></tr>
<tr><td>५.</td><td>न.पा. तथा वडाहरुका लागि विभिन्न सिफारिश सम्बन्धि फारम छपाई</td><td>५</td><td>५०९०१२.००</td></tr>
<tr><td>६.</td><td>आर्युर्वेदिक औषधि खरीद</td><td>२</td><td>५२०१४८.००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम तर्फ :</td><td></td></tr>
<tr><td>१६.</td><td>गत बर्षको निकासा बाँकी :संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकममध्ये खर्च नभई बाँकी रहेमा संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई बाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । गत आर्थिक बर्ष सामाजिक सुरक्षा भत्ता वितरणको लागि</td><td></td></tr>
</table>

| दफा नं. | **लेखापरीक्षणका व्यहोरा** | बेरुजू रकम रु. |
|---|---|---|
| | प्राप्त निकासा मध्ये खर्च भई बाँकी रहेको रु.९,१७,५९०।०० बेरुजु खातामा दाखिला गर्दा यस बर्ष सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्राप्त निकासा रकम भौ.नं.२३–०७४/१०/२८ बाट बेरुजु दाखिला गरी बजेट खर्च लेखिएको छ । गत बर्षको मौज्दात रकम बेरुजु खातामा दाखिला गर्दा नगरपालिकाको बैंक खातामा गत बर्ष मौज्दात रहेको रकम दाखिला गुर्नपर्नेमा यस बर्ष निकासा भएको रकम बाट खर्च लेखि दाखिला गरेको हुँदा मौज्दात रकम बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.... | ९,१७,५९०।०० |
| १७. | **सामाजिक सुरक्षा भत्ता अभिलेख :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को बुदा नं.९मा स्थानिय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख अध्यावधिक गरेर राख्नु पर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको मूल अभिलेख राखेको छैन । मूल अभिलेख व्यवस्थित गरि राख्नुपर्दछ । | |
| १८. | **गत वर्षको खर्च भुक्तानी** : (सशर्त अनुदान चालु स्वास्थ्य) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) अनुसार गत वर्ष खर्च भएको रकम यस बर्ष भुक्तानी दिनको लागि भुक्तानी दिन बाँकीको कच्चावारी राखेर मात्र भुक्तानी दिनुपर्दछ । कार्यालयले गत विगत वर्ष देखिको साविक टीकापुर हेल्थ सेन्टर र हाल टीकापुर अस्पताल (ग्राहक संख्याः ००८–१६–२०१)का नाममा विद्युत महशुल, मिटर जडान शुल्क तथा जरिवानासमेत रु.३५,७०,७५६।२५ बाँकि रहेको भनी नेपाल विद्युत प्राधिकरण, टिकापूर वितरण केन्द्रबाट पत्र लेखी आए बमोजिम भौ.नं. ३४– ०७४।०७।२४ बाट रु.२,००,०००।– २२१११(पानी तथा विजुली) खर्च शीर्षकबाट खर्च लेखी भुक्तानी गरेको छ । म.ले.प. फारम नं. १८ नराखी यस वर्ष भुक्तानी दिएको हुँदा उक्त खर्च अनियमित देखिएको रु.... | २,००,०००।– |
| | **पूँजीगत तर्फ :** | |
| १९. | **भेरियशन आदेशः–** सार्वजनिक खरिद नियमावली, २०६४को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरियशन आदेश जारी गर्नुपर्ने भएमा भेरियशन परिमाणको प्राविधिक पुष्ट्याइँ र कारण खुलाई सार्वजनिक निकाय प्रमुखले प्रमाणित गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको कार्यालयले निम्न योजनामा निर्माण कार्य गराउँदा लागत अनुमानमा स्वीकृत दर र परिमाणमा घट/बढ गरी कार्य गराएकोमा सोको प्राविधिक पुष्ट्याइँ तयार गरी संशोधित लागत अनुमान स्वीकृत गरेको देखिएन । लागत अनुमानभन्दा परिमाण र दरमा घटी बढी गरी कार्य गराउँदा प्राविधिक पुष्ट्याइँ सहित भेरियशन आदेश तयार गर्नु पर्ने र लागत अनुमान समेत संशोधन गरी स्वीकृत गराउनुपर्नेमा सो नगरेकोले भेरीयशन आदेश बेगर कार्य गराउने प्राविधिक तथा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्ने देखिएको रु........ | ५,२७,७१६।०० |

| भौ.नं., मिति | कामको विवरण | सम्झौता बमोजिम | | कार्य सम्पन्न बमोजिम | | सम्झौता भन्दा बढी परिमाण | फरक रकम |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण (घ.मि) | दर | परिमाण (घ.मि) | दर | | |
| **भृकुटी चौराह- कालिमाटी स्कुलसम्मको बाटो माटो पटानी र ग्राभेल उ.स., टीकापुर ८** | | | | | | | |
| १३८–०७४/१२/२४ | Gravelling work | २८०.४४ | १८३२.९८ | ५६०.७२ | ९०७.१८ | २८०.२८ | २५४२६४.०० |
| **बटनपुर गौरी- हुलाकी सडकसम्मको बाटो माटो पटानी र ग्राभेल उ.स., टीकापुर ८** | | | | | | | |
| १५४–०७४/१२/२९ | Gravelling work | १०८.०० | १८३२.९८ | २८५.५३ | ९०७.१८ | १७७.५३ | १६१०५२.०० |
| **सुरेश तिरुवाको घरदेखि टिमिल्सैनसम्मको बाटो माटो पटानी र ग्राभेल उ.स., टीकापुर ८** | | | | | | | |
| १५१–०७४/१२/२८ | Gravelling work | १००.८० | १८३२.९८ | २२४.७० | ९०७.१८ | १२३.९ | ११२४००.०० |
| | | | | | | **जम्मा** | **५,२७,७१६/** |

| दफा नं. | लेखापरीक्षणका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २०. | **स्वीकृत बजेटः** भौ.नं ३८२– ०७५/३/१५, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)क अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्च गर्ने रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने विचार गरी खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले पाठेघरको मुखको क्यान्सरको जाँचको लागि भि.आई.ए. सेट खरीदको लागि छुट्टयाईएको बजेट रकमबाट बर्थिङ्ग सेन्टरमा कार्यरत अ.न.मि. हरुलाई रात्रिकालीन डिउटी गरेबापत भत्ता वितरणमा उक्त रकम खर्च गरेको छ। कार्यालयले स्वीकृत बजेट र कार्यक्रम विपरित खर्च गरेको रकम अनियमित देखिएको रु.... | १,००,०००।०० |

## २१. योजना अनुगमन तथा मूल्याङ्कन

**योजना अनुगमन तथा मूल्याङ्कन :**नगर सभाबाट स्वीकृत भई कार्यान्वयन भएका योजनाहरु कार्यसम्पन्न भएपछि स्वीकृत लागत अनुमान र सम्झौता बमोजिम कार्य भए नभएको यकिन गर्न नगरपालिकास्तरीय अनुगमन समितिले अनुगमन गरी सिफारिस गरे पछि मात्र अन्तिम विलको भुक्तानी दिनुपर्दछ । कार्यालयवाट यो वर्ष कार्यान्वयन गरेका निम्न आयोजनाहरुको अन्तिम विल भुक्तानी गर्दा उक्त समितिको सिफारिस वेगर भुक्तानी गरेको छ । आयोजना सन्चालन भई निर्माण कार्य सम्पन्न भएपछि नगरपालिकाको उप प्रमुख संयोजक रहेको नगरपालिकास्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र भुक्तानी गर्नुपर्दछ ।

| क्र.सं | भौ.नं, मिति | योजनाको नाम | मूल्यांकन रकम | भुक्तानी | जनश्रमदान |
|---|---|---|---|---|---|
| १. | १५७– ०७४/१२/३० | कर्णाली नदी सत्तीमा तालको सरसफाई व्यवस्थापन | २८५८५०।०० | २०००००।०० | ८५८५०।०० |
| २. | ३५२– ०७४/३/१० | ओजुना ताल संरक्षण कार्य कालाकुवा | ५२९४११।०० | ४५००००।०० | ७९४११।०० |
| ३. | ४६३– ०७५/३/२५ ३७५– ०७५/३/२५ (सिमा क्षेत्र) | टाडा चोक हुँदै वटनपुर जाने कालोपत्रे सडक | २५५२४२०।१९ | २२९७१७८।१७ | २५७२४२।०० |
| ४. | ५०२– ०७५/३/२६ | कृषि सिंचाइको लागि बोरिङ्ग जडान,टी.न.पा | २३५२९४।०० | २०००००।०० | ३५२९४।०० |
| ५. | ३२४– ०७५/२/३० | वडा नं. ९ मा खेलकुद सामाग्री वितरण | १००००००।०० | १००००००।०० | - |

## २२. निर्माण सामाग्रीको प्रयोग

**निर्माण सामाग्रीको प्रयोग :** निर्माण कार्यको लागि खरिद भएका निर्माण सामाग्री लागत अनुमान अनुसार तोकिएको स्थानमा प्रयोग गरेको नापी मूल्यांकन तयार गरिनुपर्दछ । कार्यालयले यो बर्ष विभिन्न योजनाको लागि विभिन्न साइजको ह्युमपाइप खरीद गरी सेति ह्युम पाइप तथा विद्युत पोल उद्योग प्रा.लि. लाई भौ.नं ५३९–०७५/३/८ बाट रु.४३,८२,३७२।०० भुक्तानी खर्च लेखेकोमा उक्त ह्युम पाइपहरु स्वीकृत योजनामा प्रयोग भएको नापी मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन । उक्त निर्माण सामाग्री प्रयोग भएको देखिने मूल्यांकन प्रतिवेदन तयार गर्नुपर्ने देखिएको रु.

बेरुजू रकम रु. ४३,८२,३७२।००

| वडा नं | साइज ( मि.मि ) | परिमाण (थान) | वडा नं | साइज ( मि.मि ) | परिमाण (थान) |
|---|---|---|---|---|---|
| ३ | ६०० | १३ थान | ७ | ४५० | ११ |
| ४ | ४५० | १५ | | ६०० | १० |
| | ६०० | ६ | | १२०० | ३ |
| ५ | ४५० | ३ | ८ | ४५० | १७ |
| | ६०० | ६ | | ६०० | १८ |
| | ९०० | ३ | ९ | ४५० | १३ |
| | १२०० | ३ | | ६०० | ५ |
| ६ | ४५० | ११ | नगर स्तरीय योजना | ४५० | २८ |
| | ६०० | ६ | | ६०० | ३१ |
| | ९०० | ६ | | ९०० | १२ |

| दफा नं. | लेखापरीक्षणका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **टीकापुर नगरपालिका कार्यालय संचालन र प्रशासनिक (चालू)** | |
| २३. | **तलवी प्रतिवेदन :** पारित तलबी प्रतिवेदनको आधारमा कर्मचारीको पारिश्रमिक खर्च लेख्नुपर्दछ । यस बर्ष तलव शिर्षकमा रु. १७७२०४०९।४० खर्च गरेको छ । नगर सभाको बैठकले मिति २०७४/०५/२६ गते आर्थिक बर्ष ०७४/०७५ को तलवी प्रतिवेदन पारित गरेको छ । लेखापरीक्षणको क्रममा नगर सभाबाट पारित तलवी प्रतिवेदन पेश हुन आएन । | |
| २४. | **कर्मचारी प्रोत्साहन भत्ता** :– नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचालन खर्च पाउने व्यवस्था छ । कार्यालयले नगर सभाको निर्णय अनुसार ७० जना कर्मचारीहरुलाई मासिक रुपमा शुरु तलब स्केलको १५ प्रतिशत प्रोत्साहन भत्ता र नगर कार्यपालिकाको निर्णय अनुसार नगर सभाको बजेट निर्माण कार्यमा संलग्न भएको भनि ७ दिनको तलब समेत रु.२६,६६,९१९।६५ प्रोत्साहन भत्ता खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । नियमावली तथा कार्यविधि बनाई स्पष्ट आधार उल्लेख गरी खर्च लेख्नु पर्ने देखिएको रु...... | २६,६६,९१९।६५ |
| २५. | **बैठक भत्ता :–** स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन,२०७५ को दफा १२ मा स्थानिय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुबिधा बाहेक अन्य सुबिधा लिन पाउने ब्यबस्था छैन । कार्यालयले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुलाई ऐनमा ब्यबस्था नभएको बैठक भत्ता वापत रु.२६,९२,६००।०० बितरण गरेको छ । कार्यालयले ऐनमा ब्यबस्था नभएको सुबिधा प्रदान गर्नु नियम सम्मत देखिएन रु... | २६,९२,६००।– |
| २६. | **मूल्य अभिबृद्धिकरमा दर्ता नभएकासँग खरिद :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९बमोजिम सार्वजनिक निकायले २० हजार रुपैयाँ भन्दा बढीको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नं. र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्दछ । भौ.नं ६२। ०७४।७।१३ बाट कार्यालयले प्रतिक बुक्स एण्ड स्टेशनर्शबाट रु.२० हजार घटिका १५ वटा प्यान बिलबाट मसलन्द खरिद गरे बापत १,५५,१८०।०० भुक्तानी दिएको छ । कार्यालयले स्थायी लेखा नं. लिएका तर मूल्य अभिवृद्धि कर दर्ता नभएका आपूर्तकबाट सामान खरिद गरेको हुँदा नियमानुसार खरिद कार्य गरिनुपर्दछ । | |
| २७. | **आर्थिक सहायता :–** नगरपालिकाले कार्यालय संचालन र प्रशासनिक चालू तर्फको अन्य सहायता शीर्षकबाट नगर कार्यपालिकाको निर्णय बमोजिम विभिन्न व्यक्तिलाई रु.१,५४,८००।- र पूँजिगत शिषकबाट २२९ जनालाई हावाहुरी बाट भएको क्षतिको राहत वितरणमा रु.२१,५५,०००।०० आर्थिक सहायता बितरण गरेको छ । कार्यालयले आर्थिक सहायता बितरण सम्बन्धि कार्यबिधि तयार गरेर मात्र आर्थिक सहायता प्रदान गर्नु पर्दछ । | |
| २८. | **बिबिध खर्च :–** कार्यालयले विभिन्न कार्यक्रममा खाजा एबं अतिथि सत्कार लगायतमा बिबिध खर्च गर्दा खर्चको सीमा तोक्नु पर्दछ । कार्यालयले बिबिध शीर्षकबाट रु.३३,७८,१०७६० खर्च गरेको छ । कार्यालयले बिबिध खर्च गर्ने सीमा तोकी यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| २९. | **कल्याण कोष** :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था बमोजिम स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि यस आर्थिक वर्षमा ४८ जना कर्मचारीको १ महिना बराबरको तलब | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>बमोजिम भौ.नं ३९६।०७५।३।२८ बाट रु. ११,१४,८६८।०० कर्मचारी कल्याण कोषमा जम्मा गरेको छ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>छुट नलिएको :गोरखापत्र संस्थानले उक्त संस्थानबाट प्रकाशित हुने सबै सरकारी बिज्ञापनमा २५ प्रतिशत छुट दिने गरेको छ । अन्य दैनिक राष्ट्रिय पत्रिकामा समेत सूचना प्रकाशन गर्दा छुट पाउने देखिन्छ । कार्यालयले निम्न बमोजिम सिलबन्दी बोलपत्र लगायतको सूचना प्रकाशन कार्यको भुक्तानी गर्दा छुट नलिएको हुँदा कार्यालयलाई रु. १,४१,९०० ।- थप व्ययभार पर्न गएको रु...
<table>
<tr><th>गो.भौ.नं., मिति</th><th>विज्ञापन एजेन्सी र पत्रिकाको नाम</th><th>विल रकम भ्याट बाहेक</th><th>थप व्ययभार परेको रकम (२५प्रतिशत )</th></tr>
<tr><td>८६-०७४।७।२९</td><td>जोइन मल्टिपल सर्भिस प्रा.लि./राजधानी दैनिक</td><td>१२००००</td><td>३००००</td></tr>
<tr><td>१३१-०७४।९।१८</td><td>जोइन मल्टिपल सर्भिस प्रा.लि./राजधानी दैनिक</td><td>३६०००</td><td>९०००</td></tr>
<tr><td>१३२-०७४।९।१८</td><td>दिक्षान्त विज्ञापन सेवा/नागरिक दैनिक</td><td>६४८००</td><td>१६२००</td></tr>
<tr><td>१३३-०७४।९।१८</td><td>डायलअप मिडिया प्रा.लि./अन्नपूर्ण पोष्ट</td><td>११०४००</td><td>२७६००</td></tr>
<tr><td>१९९-०७४।१०।२५</td><td>इनोभेटिभ मिडिया प्रा.लि./ अन्नपूर्ण पोष्ट</td><td>४८०००</td><td>१२०००</td></tr>
<tr><td>३२२-०७५।२।२९</td><td>दिक्षान्त विज्ञापन सेवा/नागरिक दैनिक</td><td>६८४००</td><td>१७१००</td></tr>
<tr><td>३६१-०७५।३।२२</td><td>डायलअप मिडिया प्रा.लि./नयाँ पत्रिका</td><td>१२००००</td><td>३००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५,६७,६००।-</td><td>१,४१,९०० ।-</td></tr>
</table></td><td>१,४१,९००।–</td></tr>
<tr><td>३१.</td><td>बढी भुक्तानी :–स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन,२०७५ को दफा १२ मा स्थानिय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुबिधा बाहेक अन्य सुबिधा लिन पाउने ब्यबस्था छैन । भौ.नं ३४८–०७५।३।१९ बाट कार्यालयले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुलाई ऐनमा ब्यबस्था नभएको पोशाक भत्ता रु. ४,९०,०००।०० निम्न बमोजिम भुक्तानी दिएको हुँदा असूल गर्नुपर्ने देखिएको रु.....
<table>
<tr><th>सि.न</th><th>पद र नाम</th><th>पोशाक भत्ता</th></tr>
<tr><td>१</td><td>नगर प्रमुख श्री तपेन्द्र बहादुर रावल</td><td>१००००.००</td></tr>
<tr><td>२</td><td>नगर उपप्रमुख श्री केशरी कुमारी रावल</td><td>१००००.००</td></tr>
<tr><td>३</td><td>वडाअध्यक्ष श्री गंगाराम आचार्य</td><td>१००००.००</td></tr>
<tr><td>४</td><td>वडाअध्यक्ष श्री प्रकाश बहादुर बुढाथोकी</td><td>१००००.००</td></tr>
<tr><td>५</td><td>वडाअध्यक्ष श्री रामसेवक महतो</td><td>१००००.००</td></tr>
<tr><td>६</td><td>वडाअध्यक्ष श्री लालबिर चौधरी</td><td>१००००.००</td></tr>
<tr><td>७</td><td>वडाअध्यक्ष श्री रामशंकर ड.थारु</td><td>१००००.००</td></tr>
<tr><td>८</td><td>वडाअध्यक्ष श्री बलिराम चौधरी</td><td>१००००.००</td></tr>
<tr><td>९</td><td>वडाअध्यक्ष श्री रामलाल ड. थारु</td><td>१००००.००</td></tr>
<tr><td>१०</td><td>वडाअध्यक्ष श्री दिर्घ बहादुर ठकुल्ला</td><td>१००००.००</td></tr>
<tr><td>११</td><td>वडाअध्यक्ष श्री लौटन चौधरी</td><td>१००००.००</td></tr>
<tr><td>१२</td><td>कार्यपालिका सदस्य श्री रमेश वि.क.</td><td>१००००.००</td></tr>
<tr><td>१३</td><td>कार्यपालिका सदस्य श्री डम्बर राजी</td><td>१००००.००</td></tr>
<tr><td>१४</td><td>कार्यपालिका सदस्य श्री अक्कल माझी</td><td>१००००.००</td></tr>
<tr><td>१५</td><td>कार्यपालिका सदस्य श्री उपमा देवी के.सी</td><td>१००००.००</td></tr>
<tr><td>१६</td><td>कार्यपालिका सदस्य श्री सन्जा देवि ओड</td><td>१००००.००</td></tr>
<tr><td>१७</td><td>कार्यपालिका सदस्य श्री शान्ती देवि ड. थारु</td><td>१००००.००</td></tr>
<tr><td>१८</td><td>कार्यपालिका सदस्य श्री शोभा नगार्जि</td><td>१००००.००</td></tr>
<tr><td>१९</td><td>कार्यपालिका सदस्य श्री सिता देवि चौधरी</td><td>१००००.००</td></tr>
<tr><td>२०</td><td>वडा सदस्य श्री ईन्द्र प्रसाद शर्मा</td><td>१००००.००</td></tr>
<tr><td>२१</td><td>वडा सदस्य श्री कमला सुनार</td><td>१००००.००</td></tr>
<tr><td>२२</td><td>वडा सदस्य श्री चक्र बहादुर चौधरी</td><td>१००००.००</td></tr>
<tr><td>२३</td><td>वडा सदस्य श्री काशीराम कार्की</td><td>१००००.००</td></tr>
<tr><td>२४</td><td>वडा सदस्य श्री बिना थारु</td><td>१००००.००</td></tr>
<tr><td>२५</td><td>वडा सदस्य श्री भागी देवि कामी</td><td>१००००.००</td></tr>
<tr><td>२६</td><td>वडा सदस्य श्री कालिराम थारु</td><td>१००००.००</td></tr>
<tr><td>२७</td><td>वडा सदस्य श्री लहानु थारु</td><td>१००००.००</td></tr>
</table></td><td>४,९०,०००।–</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| २८ | वडा सदस्य श्री रुपमती डगौरा थारु | १००००.०० |
| २९ | वडा सदस्य श्री तुलसा देवी वि.क | १००००.०० |
| ३० | वडा सदस्य श्री प्रेमलाल चौधरी | १००००.०० |
| ३१ | वडा सदस्य श्री बेजुवा थारु | १००००.०० |
| ३२ | वडा सदस्य श्री आशा थारु | १००००.०० |
| ३३ | वडा सदस्य श्री सरिता भुल | १००००.०० |
| ३४ | वडा सदस्य श्री कनैया चौधरी | १००००.०० |
| ३५ | वडा सदस्य श्री वलविर थारु | १००००.०० |
| ३६ | वडा सदस्य श्री जमुना देवी चौधरी | १००००.०० |
| ३७ | वडा सदस्य श्री मायादेवी वि.क | १००००.०० |
| ३८ | वडा सदस्य श्री रामशंकर चौधरी | १००००.०० |
| ३९ | वडा सदस्य श्री लायकराम चौधरी | १००००.०० |
| ४० | वडा सदस्य श्री कैलाशपति चौधरी | १००००.०० |
| ४१ | वडा सदस्य श्री भोसुराम ड.थारु | १००००.०० |
| ४२ | वडा सदस्य श्री यमलाल जैशी | १००००.०० |
| ४३ | वडा सदस्य श्री सेतु देवी टमट्टा | १००००.०० |
| ४४ | वडा सदस्य श्री पहले साउद | १००००.०० |
| ४५ | वडा सदस्य श्री राजु प्रसाद चौधरी | १००००.०० |
| ४६ | वडा सदस्य श्री आशा कुमारी चौधरी | १००००.०० |
| ४७ | वडा सदस्य श्री दिलु कामी | १००००.०० |
| ४८ | वडा सदस्य श्री पुर्ण बहादुर चौधरी | १००००.०० |
| ४९ | वडा सदस्य श्री भरत बहादुर साउद | १००००.०० |
| | **जम्मा** | **४९००००.००** |

| दफा नं. | लेखापरीक्षणका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **सिमा क्षेत्र विकास कार्यक्रम (३६५८५३४):** | |
| ३२. | **कार्यक्रम संशोधन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा तालुक मन्त्रालयको स्वीकृति लिई संशोधन गर्न सक्ने उल्लेख छ । भौ.नं ४–०७५।३।२५ बाट कार्यालयले स्वीकृत बजेट एवं कार्यक्रम विपरित सडक निर्माण कार्यको लागि छुट्टाएको बजेट बाट सामुदायिक भवन निर्माण कार्यमा रु.११२३५२४।०० खर्च गरेको छ । कार्यालयले कार्यक्रम संशोधन नगरी खर्च गरेको रकम अनियमित देखिएको रु...... | ११,२३,५२४।– |
| ३२.१ | **अधुरो निर्माण कार्य :** खकौलामा सामुदायिक सुरक्षित भवन निर्माण कार्यको लागि रु.२२,३८,१३८।०० को लागत अनुमान तयार गरी कार्यालयबाट रु. २०,००,०००।०० र उपभोक्ता समितिबाट रु.२,३८,१३८।०० व्यहोने गरी मिति ०७५।२।७ मा कार्यालय र उपभोक्ता समिति बिच सम्झौता भएको छ । सम्झौता अनुसार उक्त कार्य मिति ०७५।२।३० मा सम्पन्न गर्नुपर्नेमा यस बर्ष रु.१२,५७,३०१।०० को मात्र कार्य भएको अवस्थामा पनि कार्य सम्पन्न प्रतिवेदन तयार गरी कार्यालयबाट उपभोक्ता समितिलाई रु. ११,२३,५२४।०० भुक्तानी भएको छ । सम्झौता बमोजिम कार्य सम्पन्न नहुँदै कार्य सम्पन्न प्रतिवेदन तयार पार्ने कार्य मनासिब देखिएन । | |
| ३३. | **रिटेन्सन मनि :** भौ.नं ३–०७५।३।२५ सार्वजनिक खरीद ऐन, २०६४ को नियम १२३ (४) मा सार्वजनिक निकायले उप नियम १ बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनि बापत रनिङ्ग वा अन्य विल वा विजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम राख्नुपर्ने व्यवस्था छ । टाडाचोक हुँदै बटनपूर जाने कालोपत्रे सडक निर्माण उपभोक्ता समितिलाई सडक कालोपत्रे गर्ने कार्यको लागि यस कार्यक्रमबाट रु.२०,००,०००।०० र बडा स्तरीय कार्यक्रमबाट रु. २,९७,१७८।१७ समेत रु.२२,९७,१७८।१७ भुक्तानी दिएकोमा सम्झौताको सर्त नम्बर ३ एवं नियम १२३(४) अनुसार ५ प्रतिशत रिटेन्सन मनि रु. १,१४,८५८।९० कट्टी गरी भुक्तानी गर्नुपर्नेमा नगरेको हुँदा अनियमित देखिएको रु..... | १,१४,८५८।९० |
| ३४. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै लगत कट्टी गराउनुपर्ने व्यवस्था छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएका निम्न बेरुजुहरु | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>हाल सम्म पनि फछ्र्यौट नगरेको हुँदा कायम गरिएको छ।</td><td></td></tr>
<tr><td></td><td>समानिकरण अनुदान चालु तर्फ</td><td></td></tr>
<tr><td>३४.१</td><td>भौ.नं ४८४–०७५।३।२६ बाट अन्तर प्रादेशिक आलोकन भ्रमण रु. ५,८१,६९०।०० खर्च लेखेकोमा रु.५,७०,८९० ।०० को मात्र विल भर्पाइ संलग्न रहेकोले बढी भुक्तानी भएको रकम असूल उपर गर्नुपर्ने रु.</td><td>१०,८००।००</td></tr>
<tr><td>३४.२</td><td>भौ.नं २७९–०७५।२।७ र ३०२–०७५।२।७ बाट स्वीकृत कार्यक्रम बेगर कैलाली भ्रमण बर्षको लागि रु. ७,९५,२७४।०० खर्च लेखेको नियमित नदेखिएको रु.</td><td>७,९५,२७४।००</td></tr>
<tr><td>३४.३</td><td>भौ.नं ३४०–०७५।३।२७ बाट नगर बिकास कोषलाई व्याज रकम भुक्तानी गर्दा आन्तरिक विवरणको व्याज, खर्च शिर्षक २४२११ बाट व्याज खर्च रु.७५,५७५।०० लेख्नुपर्नेमा खर्च शिर्षक नं २२४१९ बाट खर्च लेखेको नियमित गर्नुपर्ने रु..</td><td>७५,५७५।००</td></tr>
<tr><td>३४.४</td><td>सहरी स्वास्थ्य पदाधिकारी एवं कर्मचारी भ्रमणको लागि गाडी भाडामा लिने संझौतामा सवारी धनी स्वयं आफैले इन्धन खर्च व्यहोर्ने शर्त रहेकोमा सवारी धनी मनोज कुमार साउदलाई इन्धन खर्च वापत भौ.नं ४८७–०७५।३।६ बाट रु.१३,४२०।०० भुक्तानी दिएको हुँदा असूल गर्नुपर्ने रु..</td><td>१३,४२०।००</td></tr>
<tr><td></td><td>धरौटी तर्फ :</td><td></td></tr>
<tr><td>३५.</td><td>भौ.नं ०७४।१०।०२ बाट कर कार्यालयको कर समायोजन पत्र बेगर न्यू समीप निर्माण सेवालाई रु.१४८,३७८।९८ र अमिक्षा कन्स्ट्रक्सन टीकापुरलाई रु.६८,७७७।३९ धरौटी फिर्ता गरेको रु....</td><td>२,१७,१५६।३७</td></tr>
<tr><td>३६.</td><td>लेखापरिक्षणको क्रममा चलानी नं ३४ मिति २०७५/०८/०६ को पत्रबाट माग भए बमोजिमका विवरणहरु मध्ये कन्टेजेन्सी खर्च सम्बन्धि, कर दस्तुर सेवा शुल्क र भाडाको ठेक्का सम्बन्धि, असुल गर्न बाँकी सम्बन्धि लगायतका विवरणहरु प्राप्त नभएकोले ति विवरणको विश्लेषण गरी प्रतिवेदनमा समावेश गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३७.</td><td>बेरुजु :- नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने वेरुजु रु.५ लाख १४ हजार, अनियमित बेरुजु रु.८४ लाख ३९ हजार,प्रमाण पेश नभएको बेरुजु रु. ५५ लाख १७ हजार र पेश्की बाँकी देखिएको रु.६ करोड ३६ लाख ४० हजार समेत रु. ७ करोड ८१ लाख १० हजार बेरुजु कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएको एवं कुनै बेरुजु समायोजन गर्नुपर्ने नदेखिएकोले उल्लेखित बेरुजु कायम भएको छ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>अनुगमन तथा मूल्याङ्कन :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजु फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजु स्थिति निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>८४,५६,०००।००</td><td>-</td><td>८४,५६,०००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.</td><td>अद्यावधिक बेरुजु स्थिति :– नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>८४,५६,०००।००</td><td>-</td><td>७,८१,०९,७०५।९२</td><td>८,६५,६५,७०५।९२</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूचीः १

# टीकापुर नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

**प्रदेश नम्बर :- ७**

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | कैलाली | टीकापुर नगरपालिका | २६ | १७ | ७८११० | ० | ० | ० | २६ | १७ | ७८११० | ५१४ | ८४३९ | ५५१७ | ० | ० | १३९५६ | ० | ६३६४० | ६३६४० |

अनुसूची- २

# टीकापुर नगरपालिकाको सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | टीकापुर नगरपालिका | कैलाली | ३४६११ | ३१३८८३ | २५५३२७ | ७१५३७ | ६४०७४७ | ३१९०१२ | २१२३७९ | ७८०८४ | ६०९४७५ | ६५८८३ |